Web: www.sukidahamun.gov.np E-mail : gangadevmun@gmail.com

# गंगादेव गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## सानडाँडा, रोल्पा, ५ नं. प्रदेश, नेपाल

## गंगादेव गाउँ कार्यपालिकाको बैठकको प्रेस नोटः

### गाउँ कार्यपालिकाको मिति २०७५ कार्तिक १५ गते सम्पन्न बैठकका प्रमुख निर्णयहरू

१. गाउँपालिकाको चालु आ.ब. २०७५/७६ का लागी निर्धारित दर रेट स्विकृत ।

२. गाउँपालिकाको चालु आ.ब.मा कृषि र पशु विकास शाखाको लागी समानिकरण अनुदान बजेट अन्तर्गत सञ्चालन गरिने कार्यक्रमहरु स्विकृत ।

३. गाउँपालिकाको चालु आ.ब. को लागी विपद् प्रतिकार्य योजनाको मस्यौदा मिति २०७५ कार्तिक ३० भित्र निर्माण गर्न वातारवरण तथा विपद व्यवस्थापन समिति लाइ जिम्मा दिने ।

४. गाउँपालिकाले बिज्ञापन गरेको निम्न पदहरुको परिक्षा तत्काल सम्पन्न गर्ने ।

क) मिति २०७४ माघ ०२ गतेको कार्यालय सहयोगीको परिक्षा कार्यक्रम

ख) मिति २०७४ मंशिर १७ गते र मिति २०७५ श्रावण ८ गतेको कम्प्युटर अपरेटरको परिक्षा कार्यक्रम

ग) मिति २०७५ श्रावण ८ गतेको **Assistant Civil Sub-Engineer** र अनमि पदको परिक्षा कार्यक्रम

घ) साथै रिक्त हे.अ. पदमा स्थायी कर्मचारी हाजिर भईसकेको हुदा मिति २०७५ श्रावण ८ को हे.अ. पदको विज्ञापन खारेज गरि दरखास्त पेश गर्ने उम्मेद्वारहरुलाइ दरखास्त दस्तुर फिर्ता गर्ने ।

ङ) यसका लागी पदपुर्ति समितिको गठन नियमानुसार हुने ।परिक्षाको पाठ्यक्रम लोक सेवा आयोगले सोहि पदमा लिने परिक्षाको पाठ्यक्रमलाइ नै निर्धारण गर्ने ।यस सम्बन्धि अन्य कुरा गंगादेव गाउँपालिका करार कर्मचारि पदपुर्ति सम्बन्धि कार्यविधि, २०७४ बमोजिम हुने ।

५. गाउँपालिकामा कार्यरत करार कर्मचारीहरुको मासिक पारिश्रमिकमा एकरुपता कायमा गर्ने ।

६. सवै वडाहरुमा लागु औषध निषेध तथा मदिरा नियन्त्रण सम्बन्धमा वडा स्तरिय समिति गठन गरि यस सम्बन्धि कृयाकलापहरु सञ्चालन गर्ने ।

७. विगतका सम्पन्न भइ नसकेका योजनाहरु को योजना सम्झौता निशुल्क गर्ने ।

८. चालु आर्थिक बर्षमा उपभोक्ता समितिहरु दर्ता गर्ने र दोस्रो चौमासिक सम्म सञ्चालन गरिने योजनाहरुको अनुशिक्षण मिति २०७५ मंशिर १० गते गर्ने ।

९. निम्न विषयमा कार्यविधि/ मापदण्डको मस्यौदा निर्माण गर्न विधायन समितिलाइ जिम्मा दिने ।

क) गाउँपालिकाको एम्वुलेन्स सञ्चालन सम्बन्धमा ख) गाउँपालिकाको सामुदायीक औषधि पसल सञ्चालन तथा औषधि वितरण सम्वन्धि कार्यविधि ग) गाउँपालिकाको आर्थिक सहायता एवं राहत वितरण सम्वन्धमा

१०. विविध सम्वन्धमा

क) रोल्पा न.पा.वडा नं १० वस्ने दिलबहादुर बचाउ अभियानकालागी रु तिस हजार आर्थिक सहायता दिने।

ख) रोल्पा नपा ४ मा रहेको दृष्टिविहिनहरुको कार्यालयलाई रु दस हजार आर्थिक सामाजिक सहायता दिने ।

ग) ७ नं वडा कार्यालयको भवन निर्माण गर्न उपयुक्त जग्गा प्रासिकालागी आबश्यक प्रक्रिया पुरा गर्न जिल्ला प्रशासन कार्यालय रोल्पालाइ अनुरोध गर्ने ।

प्रमुख प्रशासकिय अधिकृत

मिति २०७५ कार्तिक १५ गते बिहिबार ।